# धर्मदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मुढेशनिश्चरे, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

## विज्ञप्ति

**भोटेकोशी बाढीबाट प्रभावित तथा पीडित नागरिकप्रति ऐक्यबद्धता तथा सहयोग सम्बन्धमा**

सूचना प्रकाशन मितिः २०८३/५/२५

मिति २०८३/५/१० गते भोटेकोशी नदीमा आएको अकल्पनीय तथा विनाशकारी बाढीका कारण विभिन्न स्थानमा ठूलो जनधनको क्षति हुनुका साथै धेरै नागरिक प्रभावित तथा पीडित हुनुभएको दुःखद घटनाप्रति धर्मदेवी नगरपालिका, सङ्खुवासभा दुःख व्यक्त गर्दछ।

यस दुःखद प्राकृतिक विपद्का कारण ज्यान गुमाउनुभएका सम्पूर्ण मृतकहरूप्रति धर्मदेवी नगरपालिका गहिरो समवेदना प्रकट गर्दछ। साथै, बाढीबाट घाइते हुनुभएका सम्पूर्ण नागरिकहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै प्रभावित तथा पीडित परिवारप्रति ऐक्यबद्धता प्रकट गर्दछ।

विपद्को यस कठिन घडीमा प्रभावित नागरिकहरूको राहत, उद्धार तथा पुनःस्थापनाका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सुरक्षा निकाय, विभिन्न सङ्घसंस्था तथा नागरिक तहबाट भइरहेका प्रयासमा धर्मदेवी नगरपालिका ऐक्यबद्धता व्यक्त गर्दछ। पीडित नागरिकहरूको दुःखमा साथ दिनु तथा विपद्को समयमा मानवीय सहयोग गर्नु स्थानीय सरकार तथा राष्ट्रसेवकहरूको सामाजिक उत्तरदायित्वसमेत भएकाले नगरपालिकाले आफ्नो तर्फबाट सहयोग गर्ने निर्णय गरेको छ।

मिति २०८३/५/२५ गते बिहीबार नगर प्रमुखज्यूको उपस्थितिमा धर्मदेवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा भएको नगरपालिकाका कर्मचारीहरू तथा नगरपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा शिक्षक/कर्मचारी सम्मिलित छलफलबाट भोटेकोशी बाढीबाट प्रभावित तथा पीडित नागरिकहरूको राहत, उद्धार तथा पुनःस्थापनाका कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले नगरपालिकाको कार्यालय तथा मातहतका कार्यालय एवं शैक्षिक संस्थाहरूमा कार्यरत शिक्षक तथा कर्मचारीहरूका तर्फबाट तपसिलबमोजिम जनही सहयोग रकम एकमुष्ठ उपलब्ध गराउने निर्णय गरिएको छ।

| क्र.सं. | कर्मचारी/शिक्षकको तह वा श्रेणी | सहयोग रकम |
|---|---|---|
| १. | उपसचिव वा सो सरह वा सोभन्दा माथिका | रु. १०,०००/- |
| २. | शाखा अधिकृत वा सो सरहका | रु. ७,०००/- |
| ३. | सहायकस्तर वा सो सरहका | रु. ५,०००/- |
| ४. | सहयोगीस्तर वा सो सरहका | रु. २,०००/- |

यस विपद्को घडीमा भोटेकोशी बाढीबाट प्रभावित तथा पीडित नागरिकहरूको राहत, उद्धार तथा पुनःस्थापनाका लागि सहयोग गर्नुहुने सम्पूर्ण व्यक्ति, संस्था तथा निकायप्रति धर्मदेवी नगरपालिका हार्दिक आभार व्यक्त गर्दछ।

भोटेकोशी बाढीबाट प्रभावित तथा पीडित सम्पूर्ण नागरिकप्रति धर्मदेवी नगरपालिका ऐक्यबद्धता प्रकट गर्दछ।

२०८३/५/२५

प्रवक्ता

☎ फोन नं.:०२९-४१४००६, ०२९-४१४००७, ०२९-४१४००८, gmail : dharmadevimun@gmail.com, website : www.dharmadevimun.gov.np
"सुन्दर समुन्नत गाउँ, घर, शहर धर्मदेवी नगरपालिकाको रहर ।"